सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सुचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको

आ.व.२०८०/८१ को चौथो त्रैमासिक सहित आर्थिक वर्षको

# स्वत प्रकाशन

# Pro-active disclosure




बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय

## कृषि विकास निर्देशनालय

## व्यवसायिक किट विकास फार्म, भण्डारा, चितवन

पूर्णिमा क्षेत्री

वरिष्ठ बाली संरक्षण अधिकृत

# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण (Proactive Disclosure)

सूचना सार्वजनिक गर्ने निकायको नामः व्यवसायिक किट विकास फार्म, भण्डारा, चितवन (साबिक किम्बु नर्सरी विकास कार्यालय)

सूचना सार्वजनिक गरेको निकायः २०८१ बैशाख देखि आषाढ मसान्तसम्म ।

## १. निकायको स्वरुप र प्रकृतिः

किम्बु नर्सरी विकास केन्द्र, भण्डाराको स्थापना रेशम खेती विकास कार्यालयको नामले वि.सं. २०४९ सालमा भएको हो। विभिन्न समयमा यस केन्द्रको नाम र संरचनामा परिवर्तन हुने क्रममा कार्य प्रकृतिका आधारमा वि.सं. २०६१ सालमा किम्बु नर्सरी व्यवस्थापन केन्द्रको रुपमा नाम परिवर्तन भई रेशम खेती विकासका विभिन्न पक्षहरुमा कार्यक्रम संचालन गर्दै आएको थियो। संघीयता पश्चात बागमती प्रदेश अन्तर्गत रहेको यस कार्यालयको नाम वि.सं. २०७५ सालमा किम्बु नर्सरी विकास केन्द्र भएकोमा पुनः वि.सं. २०८० सालमा परिवर्तन भई व्यवसायिक किट विकास फार्म हुन आएको छ। जिल्ला सदरमुकाम भरतपुरबाट २५ कि.मि. पूर्व र महेन्द्र राजमार्ग देखि उत्तर तर्फ चितवन जिल्लाको राप्ती नगरपालिका वडा नम्वर ६, हर्दी, भण्डारामा अवस्थित रहेको छ। फार्मको जम्मा ३२.२ हेक्टर क्षेत्रफल मध्ये हाल करिब १६ हेक्टर जमिन र भवनहरु समेतका पूर्वाधार शसस्त्र प्रहरी गढीमाई गणद्वारा उपभोग भई रहेको छ भने बाँकी १६.२ हेक्टर जमिन मध्ये किम्बु बगैंचा (५ हे.), किम्बु नर्सरी (३ हे.), फलफुल बगैंचा (३ हे.), कार्यालय तथा आवास भवन (१.२ हे.) र बाँझो जमिन (१ हे.) यस केन्द्र अन्तर्गत रहेको छ र बाँकी ३ हेक्टर जमिनमा मौरीपालन विकास कार्यक्रम भण्डारा रहेको छ।

पकेट/प्रभाव क्षेत्रः

चितवन र मकवानपुरका विभिन्न स्थानिय तहहरुमा रेशम खेती, किम्बु क्षेत्र विकास र विस्तार तथा च्याउ खेतीको लागि केन्द्रले आफ्ना गतिविधि संचालन गर्दै आईरहेको छ। विगतमा चितवनको माडीमा कल्याणपुर, अयोध्यापुरी, बघौडा र चैनपुर तथा मकवानपुर जिल्लाको सरिखेत, निवुवाटार, वुढीचौर, कोगटे र कालिकाटारका कृषकहरु रेशम खेती व्यवसायमा आवद्ध थिए।

## २. निकायको काम, कर्तव्य र अधिकारः

व्यवसायिक किट विकास फार्म, भण्डारा, चितवनको कार्य विवरण निम्न बमोजिम रहेको छ।

१. रेशम खेतीका लागि किम्बु, फलफूल तथा आलङ्कारिक विरुवाको बेर्ना उत्पादन श्रोत केन्द्रको रुपमा विकास गर्ने।

२. नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेको रेशम खेती विकास शाखा खोपासीको लागि बीज कोया उत्पादन गर्ने।

३. किम्बु बगैंचा व्यवस्थापन तथा किम्बुको मातृ श्रोतको संरक्षण र वृद्धि विकास गर्ने।

४. किम्बु, फलफूल तथा आलङ्कारिक विरुवाको बेर्ना उत्पादन श्रोत केन्द्रको रुपमा विकास गर्ने।

५. रेशम खेतीमा प्रविधिको अध्ययन, परिक्षण, विकास तथा प्रसार गर्ने।

६. विभिन्न प्रजातिका च्याउहरुको उत्पादन प्रविधि प्रदर्शन गर्ने।

७. च्याउको उन्नत उत्पादन तथा उत्पादनोपरान्त प्रविधि अध्ययन, परिक्षण तथा विकास गरी प्रसार गर्ने।

८. च्याउ बीउ/स्पान उत्पादन गरी कृषकहरुलाई बिक्री वितरण गर्ने।

९. निजी क्षेत्रका प्रयोगशाला मार्फत उत्पादन हुने च्याउ बीउको अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर परिक्षण गर्ने।

१०. च्याउका जर्मप्लाज्महरुको संकलन तथा संवर्धन गर्ने।

पूर्णिमा क्षेत्री
वरिष्ठ बाली संरक्षण अधिकृत

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
व्यवसायिक किट विकास कार्यालय
भण्डारा, चितवन

११. व्यवसायिक किट विकास सम्वन्धी अध्ययन गरी तथ्याङ्क अद्यावधिक गर्ने।
१२. व्यवसायिक किट विकास सम्वन्धी सीपमूलक तालिम संचालन गर्ने।
१३. कृषकको आवश्यकता अनुसार व्यवसायिक किट विकास सम्वन्धी सल्लाह र सुझाव दिने।
१४. नेपाल कृषि अनुसन्धान परिषदको सम्बन्धित अनुसन्धान ईकाइसंग समन्वय गरी नविनतम प्रविधिको प्रचार प्रसार गर्ने।

## ३. निकायमा रहने कर्मचारीको संख्या

| क्र. सं. | पद | तह | समूह | स्वीकृत दरबन्दी | पदपूर्ती | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वरिष्ठ बाली संरक्षण अधिकृत | अधिकृतस्तर नवौं/दशौं | बाली संरक्षण | १ | १ | ० | |
| २ | बाली संरक्षण अधिकृत | अधिकृतस्तर सातौं/आठौं | ,, | १ | ० | १ | |
| ३ | प्राविधिक सहायक | सहायकस्तर पाँचौं/ अधिकृतस्तर छैठौं | ,, | ६ | ४ | २ | |
| ४ | सहायकस्तर/अधिकृत | ,, | लेखा | १ | ० | १ | |
| ५ | सहायकस्तर/अधिकृत | ,, | सा. प्रशासन | १ | १ | ० | |
| ६ | कार्यालय सहयोगी | तह विहीन | सा. प्रशासन | ३ | ३ | ० | करार |
| ७ | हलुका सवारी चालक | तह विहीन | ईन्जिनियरिङ्ग मेकानिकल | १ | १ | ० | अस्थाई दरबन्दी करार |
| | जम्मा | | | १४ | १० | ४ | |

आ.व. २०८०/८१ मा यस निकायमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारी संकेत नं | कर्मचारीको नाम थर | पद | कैफियत |
|---|---|---|---|---|
| १ | १९७७९० | पूर्णिमा क्षेत्री | वरिष्ठ बाली संरक्षण अधिकृत | |
| २ | १७६९८८ | कृष्ण प्रसाद घिमिरे | अधिकृतस्तर छैठौं | |
| ३ | २०४५६६ | जिवन सापकोटा | सहायकस्तर पाँचौं | |
| ४ | २२३५५१ | पवन यादव | सहायकस्तर पाँचौं | |
| ५ | २३०५०७ | सविता नेपाली | सहायकस्तर पाँचौं | |
| ६ | | गिता भण्डारी | सहायकस्तर पाँचौं | |
| ७ | | सन्तो चौधरी | कार्यालय सहयोगी | करार |
| ८ | | ठाकुर प्रसाद ठकुरी | कार्यालय सहयोगी | करार |
| ९ | | धन कुमारी कार्की | कार्यालय सहयोगी | करार |
| १० | | शिवराम पौडेल | हलुका सवारी चालक | करार |

पूर्णिमा क्षेत्री
वरिष्ठ बाली संरक्षण अधिकृत

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
व्यवसायिक किट विकास फार्म
भण्डारा, चितवन

४. निकायबाट प्रदान गरिने सेवा

व्यवसायिक किट विकास फार्म, भण्डारा, चितवन

नागरिक बडापत्र

| क्र.सं. | प्रदान गरिने सेवाहरु | सेवाग्राहीले अपनाउनु पर्ने प्रक्रिया | लाग्ने शुल्क/दस्तुर | सेवाको लागि लाग्ने समय | जिम्मेवार व्यक्ति/शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | किम्बु विरुवा बिक्री वितरण | सेवाग्राही स्वयं उपस्थित भई माग पेश गर्नुपर्ने | सःशुल्क/निर्धारित दर अनुसार | उपलब्धता अनुसार तत्काल | प्राविधिक शाखा | व.बा.सं.अ. |
| २ | फलफूल विरुवा बिक्री वितरण | सेवाग्राही स्वयं उपस्थित भई माग पेश गर्नुपर्ने | सःशुल्क/निर्धारित दर अनुसार | उपलब्धता अनुसार तत्काल | प्राविधिक शाखा | व.बा.सं.अ. |
| ३ | धान/धान बीउ बिक्री वितरण | सेवाग्राही स्वयं उपस्थित भई माग पेश गर्नुपर्ने | सःशुल्क/निर्धारित दर अनुसार | उपलब्धता अनुसार तत्काल | प्राविधिक शाखा | व.बा.सं.अ. |
| ४ | रेशम खेती र किम्बु विरुवा सम्बन्धी प्राविधिक सेवा | मौखिक वा लिखित निवेदन | निःशुल्क | तत्काल | प्राविधिक शाखा | व.बा.सं.अ. |
| ५ | च्याउ खेती सम्बन्धी प्राविधिक सेवा | मौखिक वा लिखित निवेदन | निःशुल्क | तत्काल | प्राविधिक शाखा | व.बा.सं.अ. |
| ६ | च्याउ खेती सम्बन्धी तालिम | लिखित निवेदन वा सम्बन्धित निकायको सिफारिस | निःशुल्क | स्वीकृत वार्षिक कार्यक्रम अनुसार | प्राविधिक शाखा | व.बा.सं.अ. |

५. सम्पादन गरेका कामको विवरणः २०८१ आषाढ मसान्तसम्म

१. आ.व. २०८०/८१ मा भएको बजेट विनियोजन

| खर्चको किसिम | वार्षिक विनियोजित बजेट रु. हजारमा | वार्षिक खर्च रु. हजारमा | खर्चको प्रतिशत |
|---|---|---|---|
| पूँजीगत | १५०० | १४८९ | |
| चालु | १७२५० | १३११६.८ | |
| जम्मा | १८७५० | १४६०५.८ | ७७.९० |

पूर्णिमा क्षेत्री
वरिष्ठ बाली संरक्षण अधिकृत

२. आ.व. २०८०/८१ मा सम्पादित मुख्य कार्यहरुको विवरण

| क.सं. | सम्पादित मुख्य कार्यहरु | परिमाण | बजेट रु. हजार | खर्च रु. हजार | कैफियत |
|---|---|---|---|---|---|
| १ | किम्बु विरुवा उत्पादन तथा वितरण (हजारमा) | ५०० संख्या | २५०० | २२५९ | रु. ८१३४५०/- को किम्बु विरुवा विक्री वितरण |
| २ | धान बीउ उत्पादन तथा विक्री वितरण | १ पटक | २०० | २०० | रु.१३४९७५/- को धानको मूल बीउ विक्री वितरण, रु.७९९६०/- धान खाद्यान्नमा विक्री वितरण |
| ३ | कृषकस्तर च्याउखेती सम्वन्धी ३ दिने तालिम | २ पटक | ३६० | ३६० | चितवन र मकवानपुर जिल्लाका ४४ जना कृषकहरुलाई लाभान्वित |
| ४ | च्याउ खेती सम्वन्धी स्थलगत तालिम | ३ पटक | १२० | १२० | चितवन र मकवानपुर जिल्लाका ११६ जना कृषकहरुलाई लाभान्वित |
| ५ | फार्मभित्र स्ट्रबेरी उत्पादन परिक्षण | १ पटक | १५० | १५० | कृषक तथा विद्यार्थीहरुका लागि हेरेर सिक्ने (Learning by seeing) अवसर, रु. ६७०५०/- राजश्व आमदनी |
| ६ | च्याउ बीउ उत्पादन तथा वितरण | ४००० प्याकेट | ३०० | २६२ | कृषकलाई गुणस्तर च्याउ बीउ उपलब्ध हुने, रु. ८४६२५/- को च्याउ बीउ विक्री वितरण |
| ७ | फलफूल नर्सरी स्थापना तथा विरुवा उत्पादन (कागती, मेवा, ड्रागनफ्रुट, एभोकाडो लगायत) | १ पटक | १५० | १५० | रु. १४७९४५/- को मेवाको विरुवा विक्री वितरण |
| ८ | फार्ममा गोब्रे च्याउ उत्पादन प्रदर्शन | १ पटक | १०० | १०० | कृषक तथा विद्यार्थीहरुका लागि हेरेर सिक्ने (Learning by seeing) अवसर, रु. ९९०००/- को गोब्रे च्याउ विक्री वितरण |
| ९ | फार्ममा कन्ये च्याउ प्रदर्शन | १ पटक | १०० | १०० | कृषक तथा विद्यार्थीहरुका लागि हेरेर सिक्ने अवसर, रु. ५५७६०/- को कन्ये च्याउ विक्री वितरण |
| १० | मौरीचरन प्रवर्द्धनका लागि फार्मको खाली जमीनमा चरनजन्य बालीहरुको खेती | २ पटक | ८० | ७९ | फार्मको खाली जमीनको सदुपयोग भई मौरीचरन हुने, रु. ८००००/- को तोरी विक्री वितरण |

३. राजश्वको विवरण

| क.सं. | राजश्व शीर्षक | राजश्व रकम |
|---|---|---|
| १ | १४२११ (कृषि उत्पादन बिक्री आम्दानी) | रु. १५७४८४०/- |

पूर्णिमा क्षेत्री
वरिष्ठ बाली संरक्षण अधिकृत

**६. कार्यालय प्रमुख र सुचना अधिकारीको नाम र पदः**

कार्यालय प्रमुखः वरिष्ठ बाली संरक्षण अधिकृत, श्री पूर्णिमा क्षेत्री (सम्पर्क नं. ९८५५०५६००२)

सुचना अधिकारीः सहायक स्तर पाचौं, श्री जीवन सापकोटा (सम्पर्क नं. ९८५५०१७००२)

**७. सार्वजनिक निकायको वेभसाइट भए सोको विवरणः**

www.kndc.gov.np

ईमेलः kimbunurserybhandara@gmail.com

**८. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः**

औपचारिक किसिमबाट हालसम्म कसैबाट पनि सूचना माग नभएको। तथापि मौखिकरुपमा माग भएका सूचनाहरु एवं जानकारीहरु तुरुन्त प्रदान गरिएको। कार्यक्रमबारे कार्यलय सूचना बोर्डमा प्रकाशन, स्थानिय तहका कार्यलयहरुमा पत्राचार, पत्रपत्रिका तथा स्थानिय एफ.एम. हरुमा सुचना प्रशारण गर्ने गरेको।

पूर्णिमा क्षेत्री
वरिष्ठ बाली संरक्षण अधिकृत